# Living the Lotus 5

## Buddhism in Everyday Life

2026
VOL. 248



## शिकागो रिश्शो कोसेइ काइ


**Living the Lotus**
**Vol. 248 (May 2026)**

प्रकाशक: रिश्शो कोसेइ काइ अंतराष्ट्रय बिभाग
फुमोन मिडिया सेन्टर २-७-१, वादा सुगीनामी कु टोक्यो १६६-८५३७ जापान
फोन: ८१-३-५३४१-११२४　　　फ्याक्स्: ८१-३-५३४१-१२२४
इ-मेल्: living.the.lotus.rk-international@kosei-kai.or.jp
प्रमुख सम्पादक: माएदा ताकासी
सम्पादक: साची मिकावा
नेपाली संसकरण अनुवाद र सम्पादक: नविन अर्याल
सम्पादन कर्मचारी:अंतराष्ट्रय बिभाग कर्मचारी


रिश्शो कोसेइ काइ सन १९३८ सालमा संस्थापक निवानो निचिनो र नागानुमा म्योकोले सुरु गर्नुभएको शद्धर्म पुन्डरिक सुत्र र अरु दुइ सुत्र मान्ने सर्बसाधारण बुद्ध धर्मको संस्था हो। हामी बस्ने ठाउँ, काम गर्ने ठाउँमा गौतम बुद्धका उपदेशहरुको आधारलाई व्यबहारमा ल्याएर शान्तिपूर्ण संसार बनाउन चाहने ब्यक्तिहरु यो संस्थामा आबद्ध छन। अहिले अध्यक्ष निवानो निचिको र हामी बौद्धधर्मालु सदस्यहरु राष्ट्य अन्तराष्ट्य स्तरमा अरु धर्महरु या परोपकारी संस्थाहरुसँग मिली बुद्धको उपदेश फैलाउन कोसिश गरिरहेका छौ।
रिश्शो कोसेइ काइ सन १९३८ सालमा संस्थापक निवानो निचिनो र नागानुमा म्योकोले सुरु गर्नुभएको शद्धर्म पुन्डरिक सुत्र र अरु दुइ सुत्र मान्ने सर्बसाधारण बुद्ध धर्मको संस्था हो। हामी बस्ने ठाउँ, काम गर्ने ठाउँमा गौतम बुद्धका उपदेशहरुको आधारलाई व्यबहारमा ल्याएर शान्तिपूर्ण संसार बनाउन चाहने ब्यक्तिहरु यो संस्थामा आबद्ध छन। अहिले अध्यक्ष निवानो निचिको र हामी बौद्धधर्मालु सदस्यहरु राष्ट्य अन्तराष्ट्य स्तरमा अरु धर्महरु या परोपकारी संस्थाहरुसँग मिली बुद्धको उपदेश फैलाउन कोसिश गरिरहेका छौ।

Living the Lotus-Buddhism in Everyday life (शद्धर्म पुन्डरिक सुत्र - दैनिक जिवनमा बुद्ध धर्म) भन्ने शिर्षक हाम्रो दैनिकिमा बुद्धको उपदेश कसरी प्रयोग गर्न सकिन्छ भन्ने कुरा बुझाउन, जसरि हिलोमा पनि कमल फकृयको हुन्छ तेस्तै हाम्रो जिवन राम्रो र उधेष्यमुलक होस भन्ने कामना सहित राखिएको हो। यो पत्रीका पढेर संसार मनिसहरुको जिवनमा बुद्धको उपदेश उपयोग गर्नकोलागि ईन्टरनेटमा राखिएको छ।



# म के गर्न सक्छु ?

Rev. Nichiko Niwano
President of Rissho Kosei-kai

## मानिसहरू एकअर्कामा जोडिएका छन, तैपनि

प्रत्येक व्यक्तिको शक्ति एक्लै साँच्चै कमजोर हुन्छ । भनिन्छ कि भाषा र उपकरणहरू प्रयोग गर्न र समूहमा काम गर्न सक्षम हुनुको फाइदाबिना मानिसहरू अस्तित्वको लागि संघर्ष गर्न सक्षम हुने थिएनन् र बाँच्न सक्ने थिएनन्। मानिसहरूलाई सामाजिक प्राणी भन्नुको कारण यो हो कि हामीले एउटा एस्तो समाज निर्माण गरेका छौं जहाँ हामी सञ्चार र सहयोग गरी राम्रोसँग बाँच्ने लक्ष्य राख्छौं। मैले पहिले "अरूसँग मेलमिलापमा बस्नु भनेको मानवको रूपमा जन्मनुको अर्थ हो" भनेर भनेको थिए र म विश्वास गर्छु कि मानिसहरूले जीवनको इतिहासको दृष्टिकोणबाट यो सत्य हो भनेर सहजै जान्दछन्।

यद्यपि, आजकल, सायद आफ्नै मूल्यमान्यतालाई मात्र प्राथमिकता दिने प्रवृत्तिका कारण, केही मानिसहरू अरूसँग मिलेर बस्ने मानव जातिको विशेषतामा ब्रेक लगाइरहेका छन्, हो। यसले एक्लो मृत्यु जस्ता सामाजिक समस्याहरूद्वारा प्रतीकात्मक रूपमा अरूप्रति आफ्नै एक्लोपन वा उदासीनता निम्त्याउँदै गएको देखिन्छ। बालबालिकाको संसार पनि यसको अपवाद छैन, र जापानमा हालै गरिएको एक सर्वेक्षण अनुसार, घट्दो जन्मदरको बावजुद प्राथमिक, जुनियर हाई र हाई स्कूलका विद्यार्थीहरूमा आत्महत्याको संख्या अहिलेसम्मकै उच्च पुगेको छ, जुन चिन्ताजनक अवस्था हो।

जैवइतिहास अनुसन्धानकर्ता केइको नाकामुराले दश वर्षभन्दा पहिले भनेका थिए, "अहिले मैले सबैभन्दा बढी मद्दत गर्न चाहने भनेको बालबालिका हुन्। प्राथमिक विद्यालयका विद्यार्थीहरूले मलाई पत्र पठाउँछन र भन्छनकि उनीहरू आफ्नै जीवनबाट चिन्तित र मर्न चाहन्छन्" (इकिकी / मार्च २०१५ अंक), स्कूलमा एक्लोपन वा पारिवारिक कलहका कारण भावनात्मक रूपमा थकित भएका र "म मर्न चाहन्छु" भनेर सोच्ने बालबालिकाहरूको बढिरहेका छन ।

## हरेक दिन आफ्नो जीवनशैलीमाथि प्रश्न गर्ने

यदि हामीले आफैंले कठिनाइ वा चिन्ता अनुभव गरेका छौं भने, हामी अरूको पीडा सजिलै बुझ्न सक्छौं र सोच्न सक्छौं, "त्यो व्यक्ति कठिन समयबाट गुज्रिरहेको छ।" यद्यपि, यदि हामीले आफैंले यो अनुभव गरेका छैनौं भने, हामी प्रायः वास्ता पनि गर्न सक्दैनौं, र जब मर्छु भन्ने जस्तो गंभीर कुरालाई धेरै कम मानिसहरूले यो  भावनालाई साँच्चै बुझ्न सक्छन्।

जेन गुरु  दोगेनले , "बौद्ध मार्ग सिक्नु भनेको आफैंलाई सिक्नु हो" भन्ने उपदेश दिएका थिए। हामी आफूलाई चिन्छौं भने  पनि हामी आफैंलाई साँच्चै बुझ्दैनौं। यदि हामीले आफूलाई पनि बुझेनौं भने, अरूको भावना कसरी बुझ्न सक्छौं? यो निकै कठिन कुरा हो।

त्यसो भए, के यसको अर्थ यो हो कि धेरै युवाहरूलाई जीवन गाह्रो लाग्छ भन्ने संसारमा हामीले गर्न सक्ने केही छैन? पटक्कै होइन।

शिक्षाविद् शिन्जो मोरीले औंल्याए, "जीवन जतिसुकै पीडादायी किन नहोस्, यस पृथ्वीमा 'जीवन' दिइनु भन्दा ठूलो आशिर्वाद अरू केही छैन। र यो साँचो धर्म हो जसले यो कुरा स्पष्ट पार्छ।" पहिले उल्लेख गरिएको केइको नाकामुरा, बच्चाहरूलाई हार्दिकतापूर्वक भन्न चाहन्छिन्, "म तपाईंलाई भन्न चाहन्छु कि तपाईं अहिले जीवित हुनुहुन्छ भन्ने कुरा अद्भुत छ।" दुवैले जीवनको सत्यता व्यक्त गर्ने महत्त्वलाई जोड दिन्छन्, र नाकामुराले यो पनि भन्छन्, "यदि तपाईंले आफूलाई सकेसम्म पछाडि फर्कनुभयो भने, तपाईं सबै जोडिनुहुनेछ र ३.८ अर्ब वर्ष पहिलेको पुर्खा कोषहरूमा पुग्नुहुनेछ," "आफू र अरूलाई एकको रूपमा" र "सबैजना एक हुनु" को जागरूकताले हामीलाई आफू र अरूलाई सम्मान गर्ने हृदय र बाँच्ने साहस दिन्छ।

सायद हाम्रो लागि सबैभन्दा महत्त्वपूर्ण कुरा भनेको हाम्रो जीवनशैली मार्फत हामी आफैंले कठिनाइलाई कसरी स्वीकार गर्छौं, बाँच्नुको बहुमूल्यतालाई कसरी कदर गर्छौं र हामी आफ्नो जीवन कसरी बिताउँछौं भनेर देखाउनु हो। फलस्वरूप, जब हामी पीडितहरूको आवाज सुन्छौं, हामी ढाड़स दिन सक्छौं।

" सबैभन्दा पीडादायी कुरा के हो भनेर सोधेमा  जवाफ दिनुहोस  हृदय जसले मानिसहरूलाई अलग गर्छ।" भनेर  जेन मास्टर योंकनले भनेका छन।  सबैभन्दा ठूलो पीडा तब हुन्छ जब मानिसहरू एकअर्कालाई मद्दत गर्दैनन् र मिल्दैनन्। त्यसकारण, तपाईं प्रत्येक दिन कस्तो हुनुपर्छ भन्ने कुरामा चिन्तन गर्दा, तपाईंले आफ्नो नजिकका मानिसहरूमा भएको थोरै परिवर्तनलाई पनि याद गर्नु र सोध्नु, "के भयो?" भनेर।  यो कुरा दोहोर्याउनाले मानिसहरूलाई बचाउनेछ र युवाहरूलाई हुर्काउन पनि योगदान पुर्‍याउनेछ।



# Rissho Kosei-kai International

## Make Every Encounter Matter




## A Global Buddhist Movement




**Information about local Dharma centers**

**facebook**

**X**

We welcome comments on our newsletter Living the Lotus: [living.the.lotus.rk-international@kosei-kai.or.jp](mailto:living.the.lotus.rk-international@kosei-kai.or.jp)